# पाठ - 12

الدرس الثاني عشر - نيبالي

## दोश्रो : मलाएका (देवदुत) प्रति ईमान

الإيمان بالملائكة والكتب والرسل

यस अन्तर्गत मलाएका प्रति संक्षिप्तमा पनि र तपसिलमा पनि ईमान राख्नु पर्छ, संक्षिप्तमा हामीले यो ईमान राख्दछौं कि अल्लाहका मलाएका अर्थात देवदुतहरु छन्, उनीहरुलाई अल्लाहले मात्र आफ्नो आज्ञा पालनको लागि सृष्टि गर्नु भएको छ, र उनीहरु धेरै प्रकारका छन्, कसैलाई अर्श अर्थात अल्लाहको सिंगहासन उठाउने जिम्मेवारी दिइएको छ त कसैलाई नरक र स्वर्गको सुरक्षा कर्मी बनाइएको छ, र कसैलाई मानिसहरुको कर्म दर्ता गर्ने जिम्मेवारी दिइएको छ ।र तपसिल यो हो कि अल्लाहले वा रसूल ﷺ ले उनीहरु मध्ये जसको नामको खुलास । गर्नु भएको छ उनीहरु प्रति ईमान राख्ने जस्तो कि जिब्रईल मिकाईल, नरकको सुरक्षा कर्मी मालिक र सूर फुँकनको लागि नियुक्त भएको देवदुत ईस्राफील । रसुल ﷺ ले भन्नु भयो **«फरिशताहरुको सृष्टि प्रकाशबाट भएको छ र जिन्नातहरु आगो बाट र आदमको सृष्टि उसबाट भएको छ जुन् तिमीहरुलाई भनिएको छ (माटो बाट) »**

**तेश्रो : किताब (ग्रन्थहरू) प्रति ईमान ।** अनिवार्य रुपले संक्षिप्तमा यो ईमान राख्नु पर्छ कि अल्लाहले मानिसहरु माथि आफ्नो हक बयान गर्नको लागि र त्यसको प्रचार प्रसारको लागि आफ्नो पैगम्बर र सन्देष्टाहरु माथि ग्रन्थ अवतरित गर्नु भएको छ र तपसिलमा ग्रन्थहरु मध्ये अल्लाहले जसको नाम बताउनु भएको छ त्यस माथि ईमान राख्ने जस्तो कि तौरात, जबूर, इन्जिल, र कुरआन, र त्यस मध्ये सबभन्दा अन्तिम र महान ग्रन्थ कुरआन हो, त्यो कुरआन जुन् पहिलेका सबै किताबहरुको संरक्षक र प्रमाणित गर्नेवाला छ, अनि यो कुरआन प्रलयको दिन सम्म सुरक्षित रहने छ त्यसैले हरेक मनुष्य माथि यो अनिवार्य हुन्छ कि यसै मार्फत हरेक कर्म गरोस । अल्लाह तआलाले भन्नु भयो **यो किताब हामीले भलाई र वर्दानको रुपमा उतारेका हौं, तसर्थ यसको अनुसरण गर, र डर मान, ताकि तिमीमाथि दया होस** । र अर्को ठाउँमा भन्नु भया **हामीले तपाई माथि यस्तो किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्ण बिसतारपुर्वक छ, र मुस्लिमहरुको लागि मार्गदर्शन र दया तथा शुभसन्देश छ ।**

**चौथो : रसूल (सन्देष्टाहरू) प्रति ईमान** सन्देष्टाहरु माथि पनि संक्षिप्तमा र तपसिलमा ईमान राख्नु पर्छ, हामीले यो ईमान राख्दछौं कि अल्लाहले रसूलहरुलाई शुभसूचक र सावधानकर्ता, र सत्यको प्रचार प्रसारको लागी पठाउनु भएको छ अल्लाह तआलाले भन्नु भया , **हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरु अल्लाहकै पूजा गरुन् र उहाँ बाहेक अन्य समस्त पूज्यहरुलाई त्यागुन** । तसर्थ जसले सन्देष्टाहरुको कुरा स्वीकार गर्यो त्यसलाई खुशी र शान्ति प्राप्त भयो र जसले उनीहरुको बिपक्षमा भएर बिरोध गर्यो त्यसलाई असफलता र पछतावा प्राप्त भयो ।

हामीले यो ईमान राख्दछौं कि समस्त सन्देष्टाहरुको मिशन चाहिं एउटै थियो, मात्र एउटै अल्लाहको पूजा र इस्लामको प्रचार प्रसार नै उनीहरुको मिशन र मूल उद्देश्य थियो, कुनै अन्तर छ भने मात्र धार्मिक नियम कानुनहरुमा छ, हामीले यो पनि ईमान राख्दछौं कि अल्लाहले आफ्नो सन्देष्टाहरु मध्ये कसैलाई कसैमाथि प्रधान्ता प्रदान गरेका छन, र सबभन्दा महान र अन्तिम सन्देष्टा मुहम्मद ﷺ हुनुहुन्छ, अल्लाह तआलाले भन्नु भयो **:हामीले केही सन्देष्टाहरुलाई केही माथि प्रधान्ता प्रदान गरेका छौं** र यस्तो पनि भन्नु भएको छ **:मुहम्मद ﷺ तिम्रो पुरुषहरु मध्ये कसैको पिता होइनन् बरु उनी अल्लाहको सन्देष्टा र नबीहरुका समापक हुन् ।** अल्लाह तआलाले उनीहरु मध्ये जसको नाम खोलेका छन वा रसूल ﷺ द्वारा जसको नाम प्रमाणित भएको छ उनीहरु माथि हामीले तपसिली ईमान राख्दछौं जस्तो कि नूह عليه السلام, हूद عليه السلام, सालेह عليه السلام, र ईब्राहीम عليه السلام, इत्यादि, उनी सबै माथि र हाम्रो नबी मुहम्मद ﷺ माथि अल्लाहको कृपा र शान्ति होस ।